# सैनामैना नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुद्धनगर, रुपन्देही, ५ नं. प्रदेश, नेपाल
२०७३
E-mail: sainamainamunicipality@gmail.com
☎ +९७७-७१-४४०५५३


प.सं. :
च. नं.:

## विपतजन्य अवस्थाबाट सतर्कता अपनाउने सम्वन्धी सैनामैना नगरपालिकाको अत्यन्त जरुरी सूचना ।

देशभरी नै मनसुन सक्रिय रहेको र उक्त मनसुनबाट यस नगरपालिका पनि प्रभावित भएकोले बर्षातको समयमा चुरे पहाडमा बढी मात्रामा वर्षा भै बाढी, पहिरो, भूक्षय, नदी कटान, डुबानबाट हुने मानवीय जनधनको क्षति रोक्न र नदीको तटहरु कटान हुन सक्ने संभावना भएकोले यसतर्फ उच्च सतर्कता अपनाई जनधनको क्षति हुनबाट बच्नको लागि देहाय बमोजिम गर्नु गराउनु हुन सम्पूर्ण नगरवासी महानुभावहरुमा हार्दिक अपिल गर्दछौं ।

१. नदीहरु र खोला तथा घोलाहरुमा आउने बाढी, डुवान, पहिरोका जोखिमयुक्त स्थानहरुमा सावधानी अपनाउने,

२. उच्च जोखिममा रहेका बस्तीहरु पहिचान गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न सहयोग पुऱ्याउने,

३. आपतकालीन अवस्थामा प्रयोग गरिने अत्यावश्यक सामाग्री खानेकुरा, कपडा, औषधि, पानीको जोहो गरी सुरक्षित स्थानमा राख्ने,

४. वालवालिका, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका उच्च जोखिममा रहेका व्यक्तिहरुको सुरक्षामा विशेष प्राथमिकता दिने,

५. मौसम पूर्वानुमान तथा नजिकका नदीनाला, खोला, घोलामा पानीको बहावको सूचना दिई आवश्यक सतर्कता अपनाउने,

६. बाढी आएको वेलामा नदीनालामा माछा मार्ने, पौडी खेल्ने, काठ दाउरा सङ्कलन गर्ने र गाई वस्तु चराउने जस्ता कार्यहरु उच्च जोखिममा रहने हुँदा त्यस्ता कार्यहरु नगर्ने, नगराउने,

७. सुरक्षा निकाय, विद्युत, टेलिकम, रेडक्रस जस्ता सरोकारवाला निकायहरुले अत्यावश्यक सामाग्री, जनशक्ति र स्वयमसेवकहरु तयारी अवस्थामा राखी प्रतिकार्यमा जुट्ने,

८. सम्भाव्य जोखिममा रहेका परिवारहरु सतर्क रहने,

९ फोहोर पानीको कारणबाट सर्न सक्ने रोगहरुलाई मध्यनजर गरी पानी उमालेर वा शुद्धिकरण गरेर मात्र पिउने व्यवस्था मिलाउने,

१०. विपत सम्बन्धी कुनै समस्या परेमा वा थप जानकारी आवश्यक भएमा नगरपालिकाको विपत सम्पर्क अधिकृत ईन्जिनियर श्री सुरज न्यौपाने (मो.नं. ९८५७०५९५९५) वा नेपाल प्रहरीको टोल फ्रि नं. १०० मा सम्पर्क गर्ने ।

कृष्ण प्रसाद भण्डारी
प्रमुख प्रशासकीय अधिकृत